(१६)

संख्या नं :

# ओमसतिया गाउँपालिका माछा उत्पादन प्रर्वधन कार्यक्रम कार्यान्यन कार्यविधि, २०७६

| कार्यपालिकावाट स्वीकृत मिति :- | २०७६/०९/०७ |
|---|---|

ओमसतिया गाउँपालिका

रुपन्देही जिल्ला

५ नं. प्रदेश, नेपाल

"ओमसतिया गाउँपालिका अन्तरगत संचालन गरिने माछा उत्पादन प्रर्वधन कार्यक्रम कार्यविधि, २०७६"

गाउँपालिका भित्र माछापालनको माध्यमबाट यहाँको बढ्दो माछा मागलाई सम्बोधन गर्न सकिने अवस्था रहेको छ । कृषकको माछापालनमा देखिएको उत्साहाले यसको विस्तार तथा विकासको सम्भावना देखाउँछ । गाउँपालिकालाई माछामा आत्म निर्भर बनाएर कृषकको जीवनस्तरमा सुधार भएमा यस क्षेत्रले समग्र गाउँपालिकाको आर्थतन्त्रमा योगदान दिने देखिन्छ । यहाँको जमिनमा फलफूल, तरकारी, फूल, खाद्यान्न, घाँसबाली लगायतका कृषि बालीको अलावा माछा पालनको लागि उपयुक्त रहेको छ । यस नगरको रोजगारीको प्रमुख क्षेत्र कृषि तथा पशुपालन भएकोले यसलाई व्यवसायिक, प्रतिस्पर्धि र वातावरण अनुकुलन बनाई उत्पादन तथा उत्पादकत्व बृद्धिगरी आयात प्रतिस्थापन तथा निर्यात प्रबर्द्धन गर्ने मूल उद्देश्य राखी मत्स्य व्यवसाय सम्बन्धि कार्यक्रममा अनुदानको व्यवस्था गर्दै कृषिमा नगरबासीलाई आकर्षण गर्न मत्स्य विकास कार्यक्रम संचालन गर्न लागिएको हो । माछापालन व्यवसायलाई एक नाफामूलक पेशामा रुपान्त्रण गरि कृषकलाई थप हौसला प्रदान गर्न साथै नीजि लगानी समेत आकर्षण गरि थप रोजगारीका अवसरहरु सृजना गर्दै उत्पादन बृद्धि गर्ने प्रकारको उद्येश्य हासिल गर्न र गाउँपालिका मार्फत संचालन गरिने माछापालनमा अनुदान प्रदान गर्ने कार्यलाई व्यवस्थित तथा प्रभावकारी रुपले संचालन गर्न बान्छनीय भएकाले यो कार्यबिधि तयार पारि लागू गरिएको हो ।

## परिच्छेद १
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ

क) यो कार्यविधिको नाम "ओमसतिया गाउँपालिका मार्फत संचालन गरिने माछा उत्पादन प्रर्वधन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६" रहेको छ ।

ख) यो कार्यविधि ओमसतिया गाउँपालिका गाउँकार्यसमिति बैठकबाट स्वीकृत भएको मिति बाट ओमसतिया गाउँपसलिका भर लागू भई प्रारम्भ हुनेछ ।

२. परिभाषाः बिषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यबिधिमाः

"जलस्रोत" भन्नाले नदी नाला, ताल, तलैया तथा पोखरी आदि बुझनु पर्दछ ।

"मत्स्य प्राविधिक" कृषि विकास मन्त्रालय अन्तरगत खटाईएको मत्स्य विकास अधिकृत, मत्स्य समुहका प्रा.स, ना.प्रा.स वा बिषयगत विज्ञ भन्ने वुझ्नुपर्दछ।

"गाउँस्तर कार्यक्रम कार्यान्वयन समिति" भन्नाले ओमसतिया गाउँपालिका प्रमुख वा उप प्रमुखको संयोजकत्वमा यस कार्यविधि अनुसार गठित समितिलाई बुझाँउदछ।

"अनुगमन तथा मुल्यांकन समिति" भन्नाले मत्स्यपालन कार्यक्रम अनुगमन तथा मुल्याँकन मुल समितिलाई जनाउछ।

"सम्बन्धित कार्यालाय" भन्नाले ओमसतया गाउँपालिका,गाउँकार्यपालिकाको कार्यालय सम्झनुपर्दछ ।

"श्रोत केन्द्र" भन्नाले मत्स्य वीज उत्पादन एवं बिक्रि वितरण तथा मत्स्य पालन विषयको ज्ञान शिप उपलब्ध हुने स्थान वुझ्नु पर्द छ।

"मत्स्य विज" भन्नाले माउ माछाबाट उत्पादित विभिन्न सिईजका (ह्याचलिङ्ग, फ्राई तथा फिंगरलिङ्ग) माछाका भुराहरु वुझ्नु पर्दछ।

"माछा पालन" भन्नाले कुनैपनि जलशयहरुमा (पोखरी, धान खेत, घोल, ताल, नदी आदी) माछा हालेर नियन्त्रित तरिकाले माछा उत्पादन गरिने तारिका विधिला बझाउने छ।

"भौतिक सुविधा" भन्नाले पोखरी, ह्याचरि, पानी जाच्ने उपकरण, जाल माछा भुरा प्याकिङ्ग तथा सामाग्री, प्राविधिक कक्ष आदिलाई वुझाउने छ।

"रेसवे" भन्नाले ट्राउतट माछा पालनको लागि निरन्तर पानीको वहाव भएको निर्मित संरचनालाई जनाउनेछ।

"मत्स्य ह्याचरी" भन्नाले नियन्त्रित अवस्थामा गुणस्ततिय मत्स्य विज उत्पादन गर्ने आवश्यक संरचना (ओभरहेड टैंक, स्पोनिङ्ग टैंक, माउ पोखरी आदि) सहितको थलो वुझ्नु पर्ने हुन्छ।

"घुम्ती शिविर" भन्नाले मत्स्य प्राविधिक एवं विज्ञको टोली मत्स्य कृषक व्यवसायीको घर धैलोमा नै पुगी वास्तविक प्राबिधिक समस्या (प्रविधिक जानकारि,पानी गुणस्तर मत्स्य पोषण तथा मत्स्य स्वास्थ्य) पहिचान एवं निदान तथा विविध पक्षमा दिईने प्राविधिक सल्लाहलाई बुझ्नु पर्दछ।

"पेलेटिङ" भन्नाले दानाको कच्चा पर्दाथलाई विभिन्न आकार तथा साईजका डल्लाहरु बानाई उत्पादन गर्ने उपकरण बुझ्नुपर्दछ।

"एरेटर" हावामा पाईने अक्सीजन पानी घुलाई अक्सीजनको मात्रा बढाउने उपकरण बुझ्नुपर्दछ।

३. उद्देश्यः यस कार्यविधिका उद्देश्य देहाय वमोजिम रहने छन्।

क) उपलब्ध जलस्रोतको सदुपयोग गर्दै मत्स्य उत्पादन तथा उत्पादकत्व बृद्धि गरी खाद्य एवं पोषण सुरक्षामा टेवा पुर्याउने।

ख) मत्स्य व्यवसाय लाई व्यवसायिकिकरण गर्दै आधुनिक मत्स्य पालनक श्रोत केन्द्र को रुपमा विकास गरि माछाको बजार लाई फराकिलो पारि आयात प्रतिस्थापन गर्नुको साथै निर्यातमा बृद्धि गर्नु ।

## परिच्छेद २
## कार्यक्रम संचालन बिधि

### २.१ प्रस्ताव आव्हान र प्रस्तावना पेश गर्ने विधि

क) कार्यालयले बार्षिक स्वीकृत कार्यक्रम अनुसार ३५ दिने सार्वजनिक सूचना प्रकाशन गरी मत्स्य पालन कार्यक्रम संचालनको लागि अनुसुची (१) बमोजिम गाउँस्तरको पत्रिकामा प्रस्ताव आव्हान गर्नेछ । यस्तो सूचना कार्यालयको सूचना पाटीमा अनिवार्य रुपले टाँस गरी वडा कार्यालयमा समेत पठाउनु पर्नेछ । कार्यलयको बेव पेजमा समेत सूचना प्रकाशित गर्नुपर्दछ ।

ख) इच्छुक कृषकहरुले सूचनामा उल्लेख भए बमोजिमको अवधि भित्र अनुसुची २ बमोजिमको प्रस्ताव पत्र र संक्षिप्त व्यवसायिक कार्ययोजना र वडा कार्यालयको सिफारिस पत्र सहित निर्धारित समय सीमा भित्र कार्यालायमा प्रस्ताव दर्ता गर्नुपर्नेछ ।

ग) रित नपुगी वा म्याद नाघी हुन आएका प्रस्तावहरु छनौटका लागी समावेश गरिने छैन।

घ) निवेदन दर्ता गर्दा कार्यालयमा शुल्क वापत रु.१०० को गाउपालिकाको राजश्व भौचर जम्मा गर्नुपर्दछ ।

च) प्रस्तावना पेश गर्दा पुँजिगत कार्यको हकमा सम्बन्धित कृषक व्यवसायीको कम्तीमा २० प्रतिशत तथा कार्यालयको ८० प्रतिशत लगानी हुनेगरि कार्ययोजना तयार गर्नु पर्नेछ ।

छ) प्रस्तावना पेश गर्दा सम्बन्धित कार्यालयको लगानी रकमको हकमा स्वीकृत बजेट भन्दा बढी राख्न पाईने छैन ।

### २.२ कार्यक्रम संचालन प्रकृयाः

क) माछा उत्पादन प्रर्वधन कार्यक्रम संचालनको लागि प्राप्त प्रस्तावनाको छनौट तथा मूल्याङ्कन समिति गठन गरिनेछ ।

छनौट तथा प्रस्ताव मुल्याङ्कन समिति निम्न अनुसार रहेनेछः-

संयोजकः: ओमसतिया गाउँपालिका अध्यक्ष
सदस्यः ओमसतिया गाउँपालिका प्रशासकीय अधिकृत
सदस्यः आर्थिक विकास साखा प्रमुख
सदस्यः: प्रतिनिधि माछापालक कृषक २ जना (१ महिला ,१ पुरुष)
सदस्यः: ओमसतिया गाउँपालिका आर्थिक साखा प्रमुख
सदस्य सचिवः पशु शाखा प्रमुख, ओमसतिया गाउँपालिका

उक्त समितिले स्वीकृत कार्यक्रम अनुसारको प्राप्त प्रस्तावनाहरुको प्राथम चरणको छनौट गरि मुल्याङ्कन गर्नेछ । मूल्याङ्कन सूचक तथा भार समिति आफैंले बनाएर लागू गर्न सक्नेछ ।

ख) मूल्याङ्कनको आधारमा संकलन गरिएका प्रस्ताव मध्य योजना छनौट गर्ने तथा आवश्यक परेमा फिल्ड अनुगमनमा समेत गई भेरिफिकेशन समेत यसै समितिले गर्नेछ ।

ग) छनौट गर्दा माछापालन गरिरहेका अनुभव प्राप्त कृषकलाई प्राथमिकता दिईने छ । वैदेशिक रोजगारबाट फर्केका युवाहरुलाई कार्यक्रममा प्रोत्साहान गरिनेछ ।

घ) श्रोत केन्द्र तथा ल्याव स्थापना गर्दा कम्तिमा पनि ५ लाख माछा भुरा उत्पादन गर्नसक्ने क्षमताको भैतिक पूर्वाधार तैयार भएको हुनुपर्नेछ ।

ङ) श्रोत केन्द्र तथा ल्यावको प्राविधिक क्षमता विकास गर्नका लागि करारमा कम्तिमा १ माहिनाका लागि दक्ष प्राविधिकको (TOR तयार गरी) सेवा लिई उक्त श्रोत केन्द्र तथा ल्यावमा काम गर्ने गरि त्यहाँ काम गर्ने जनशक्तिको प्राविधिक क्षमता अभिबृद्धि गरि भुरा उत्पादन गरिरहेको हुनुपर्नेछ ।

च) प्रस्तावना अनुसारको कार्यक्रम संचालन गर्नको लागी तोकिएको अनुसारको अनुसुची ७ बमोजिम द्विपक्षिय लिखित संझौता गर्नुपर्नेछ।

छ) अधिकतम अनुदान रकम देहाय बमोजिम तोकीनेछः-

| क.सं | विवरण | परिमाण | इकाई | अधिकतम अनुदान रकम, रु. |
|---|---|---|---|---|
| १. | माछा भुरा | १००० | गोटा | १५०० |
| २. | पुरानो पोखरी मर्मत | १ | कठ्ठा | ५००० |
| ३. | नयाँ पोखरी | १ | कठ्ठा | १०००० |
| ५. | पोखरीमा प्रयोग हुने प्लास्टिक | १०० | बर्ग फिट | ५०० |

- निजी स्तरको पोखरीको लागि न्युनतम १ कठ्ठा तथा अधिकतम २० बिगाहा सम्मका क्षेत्रफल भएको पोखरी हुनुपर्नेछ ।
- समूह/सहकारी/संस्था मार्फत संचालन गरिने मत्स्य पालन कार्यक्रमको लागि कम्तिमा पाँच घरधुरी तथा १ बिघाहा क्षेत्रमा माछा पालन भएको हुनुपर्नेछ ।
- सार्वजनिक ताल, घोल, नदीको हकमा कम्तिमा एक बिघाहा पोखरी क्षेत्रफल हुनुपर्दछ साथै सम्बन्धित वडाको सहमति/अनुमति पत्र अनिवार्य संलग्न हुनुपर्दछ ।
- १ कठ्ठा देखि ५ कठ्ठा सम्म पालने कृषक लाई समितिको मुल्याङकनको आधारमा न्युनतम ३०० देखी अधिकतम १५०० सम्म भुरा वितरण गरिने छ।

उक्त समितिले स्वीकृत कार्यक्रम अनुसारको प्राप्त प्रस्तावनाहरुको प्राथम चरणको छनौट गरि मुल्याङ्कन गर्नेछ । मूल्याङ्कन सूचक तथा भार समिति आफैंले बनाएर लागू गर्न सक्नेछ ।

ख) मूल्याङ्कनको आधारमा संकलन गरिएका प्रस्ताव मध्य योजना छनौट गर्ने तथा आवश्यक परेमा फिल्ड अनुगमनमा समेत गई भेरिफिकेशन समेत यसै समितिले गर्नेछ ।

ग) छनौट गर्दा माछापालन गरिरहेका अनुभव प्राप्त कृषकलाई प्राथमिकता दिईने छ । बैदेशिक रोजगारबाट फर्केका युवाहरुलाई कार्यक्रममा प्रोत्साहान गरिनेछ ।

घ) श्रोत केन्द्र तथा ल्याव स्थापना गर्दा कम्तिमा पनि ५ लाख माछा भुरा उत्पादन गर्नसक्ने क्षमताको भैतिक पूर्वाधार तैयार भएको हुनुपर्नेछ ।

ङ) श्रोत केन्द्र तथा ल्यावको प्राविधिक क्षमता विकास गर्नका लागि करारमा कम्तिमा १ महिनाका लागि दक्ष प्राविधिकको (TOR तयार गरी) सेवा लिई उक्त श्रोत केन्द्र तथा ल्यावमा काम गर्ने गरि त्यहाँ काम गर्ने जनशक्तिको प्राविधिक क्षमता अभिबृद्धि गरि भुरा उत्पादन गरिरहेको हुनुपर्नेछ ।

च) प्रस्तावना अनुसारको कार्यक्रम संचालन गर्नको लागी तोकिएको अनुसारको अनुसुची ७ बमोजिम द्विपक्षिय लिखित संझौता गर्नुपर्नेछ।

छ) अधिकतम अनुदान रकम देहाय बमोजिम तोकीनेछः-

| क्र.सं | विवरण | परिमाण | इकाई | अधिकतम अनुदान रकम, रु. |
|---|---|---|---|---|
| १. | माछा भुरा | १००० | गोटा | १५०० |
| २. | पुरानो पोखरी मर्मत | १ | कठ्ठा | ५००० |
| ३. | नयाँ पोखरी | १ | कठ्ठा | १०००० |
| ५. | पोखरीमा प्रयोग हुने प्लास्टिक | १०० | बर्ग फिट | ५०० |

- निजी स्तरको पोखरीको लागि न्युनतम १ कठ्ठा तथा अधिकतम २० बिगाहा सम्मका क्षेत्रफल भएको पोखरी हुनुपर्नेछ ।
- समूह/सहकारी/संस्था मार्फत संचालन गरिने मत्स्य पालन कार्यक्रमको लागि कम्तिमा पाँच घरधुरी तथा १ बिघाहा क्षेत्रमा माछा पालन भएको हुनुपर्नेछ ।
- सार्वजनिक ताल, घोल, नदीको हकमा कम्तिमा एक बिघाहा पोखरी क्षेत्रफल हुनुपर्दछ साथै सम्वन्धित वडाको सहमति/अनुमति पत्र अनिवार्य संलग्न हुनुपर्दछ ।
- १ कठ्ठा देखि ५ कठ्ठा सम्म पालने कृषक लाई समितिको मुल्याङकनको आधारमा न्युनतम ३०० देखी अधिकतम १५०० सम्म भुरा वितरण गरिने छ।

ज) अनुगमन तथा सुपरिबेक्षण समिति

यस गाउँस्तरको माछा उत्पादन प्रर्वधन कार्यक्रम अनुगमन तथा सुपरीबेक्षण समितिको गठन देहाय अनुसार हुनेछः-

| | |
|---|---|
| संयोजकः | गाउँपालिका अध्यक्ष वा उपाध्यक्ष |
| सदस्यः | ओमसतिया गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत |
| सदस्यः | आर्थिक प्रशासन शाखा प्रमुख |
| सदस्यः | आर्थिक विकास शाखा प्रमुख |
| सदस्यः | मत्स्य विज्ञ |
| सदस्यः | मत्स्य विकास समिति अध्यक्ष |
| सदस्य सचिवः | पशु शाखा प्रमुख |

यस समितिले बढीमा दुई जना सदस्य सम्म आमन्त्रीत गर्न सक्नेछ ।

झ) समतिले छनौट गरेपश्चात तीन दिन भित्र सम्बन्धित कृषकलाई सूचना दिनुपर्नेछ र १५ दिन भित्र अनुसूची ३ बमोजिमको सम्झौता गरि कार्य गर्न सहमति दिनुपर्ने छ ।

२.३ भुक्तानिको विधिः

क) कार्ययोजनामा उल्लेख गरिएको कार्यहरु सम्पन्न गरी सोही बमोजिमको बील भरपाईहरु अनुदानग्राहीले पेश गर्नुपर्नेछ । सम्झौतामा उल्लिखित कार्य बाहेकको कामको लागि भुक्तानी गरिने छैन ।

ख) रकम भुक्तानी गर्दा कार्यालयको तर्फबाट भुक्तानी गरिने रकम कार्य सम्पन्न भए पश्चात मात्र एकमुष्ट रुपमा व्यवसायिक बैंक खाता मार्फत भुक्तानी गरिनेछ ।

ग) भुक्तानीको लागि निम्न किसिमको कागजातहरु अनिवार्य रुपमा पेश गर्नु पर्नेछ।

- भुक्तानीको लागि लिखित निवेदन (संस्थाको हकमा संस्थाको लेटरप्याडमा) ।
- करचुक्ता नगदि रसिद(व्यवसायिक फर्म को हकमा)
- कार्य सम्पन्न भएको स्थानीय तहको सिफरिस पत्र ।
- रकम भुक्तानी गरिने बैंक खाताको विवरण ।
- वील बीजकहरुको सक्कल प्रति ।
- द्धिपक्षिय संझौता पत्रको प्रतिलिपी ।

घ) भुक्तानी दिदाँ १.५% टि.डि.एस कट्टी गरी भक्तानी दिने तर १३% भ्याट रकमको हकमा रकम दाखिला गरेको भौचर पेश गरेको खण्डमा मात्र भ्याट विलको रकम भुक्तानि दईनेछ।

ङ) सम्बन्धित कार्यलयले सम्वन्धित पूंजिगत खर्च शिर्षकबाट साझेदारी रकम उपलब्ध गराउने गरि कार्यक्रम संचालन गर्दा विनियोजित बजेटको ५% बराबर रकम कन्टिनजेन्सी वापत कट्टा गरी अनुगमन, निरिक्षण, भ्रमण, बिषय बिशेषज्ञको परामर्श सेवा, प्रस्ताव मुल्यांकन समितिको बैठक भत्ता, ईन्धन, मर्मत सभांर र कार्यालय संचालन प्रयोजनका लागी खर्च गर्न सक्नेछ । तर सो कुरा सम्बन्धित साझेदारसंग गरिने द्विपक्षीय सम्झौता पत्रमा समेत अनिवार्य उल्लख गरिएको हुनुपर्नेछ ।

च) सम्बन्धित कार्यालयले साझेदारसँग द्विपक्षिय सम्झौता गर्दा कुन कार्यक्रम संचालन गर्न कति रकम अनुदान उपलब्ध गराउने हो र सो रकम कुन विधिबाट भुक्तानी गरिन्छ भन्ने कुरा स्पष्ट खुलाउनु पर्नेछ।

छ) यसमा उल्लेख नभएको कुराको हकमा सार्वजनिक खरिद नियमावली बमोजिम हुनेछ ।

अनुसूची (१)

मात्स्यपालन कृषकहरु लागि प्रस्ताव पेश गर्ने सम्बन्धि ओमसतिया गाउँपालिकाको सूचना

(प्रथम पटक प्रकाशित मिति: २०७६/.../...)

यस ओमसतिया गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय, हार्टिफर्साटिकर, रुपन्देहीको आ.ब २०७६../..मा संचालन गरिने तपशील बमोजिमका मत्स्य विकास कार्यक्रमको लागि ईच्छुक माछा पालक कृषकले यो सूचना प्रकाशन भएको मितिले ३५ दिन भित्र तोकीएको ढाचाँमा यस गाउँपालिकाको कार्यालयमा आईपुग्ने गरि प्रस्ताव पेश गर्नुहुन अनुरोध छ ।

........................

तपशील

१.

२.

३.

संलग्न राख्नुपर्ने कागजातहरु

१. रु १० को हुलाक टिकट टाँस भएको अनुसूची २ बमोजिमको ढाँचामा निवेदन ।
२. कृषि कम्पनी, टोल विकास समिति, जल उपभोक्ता समिति, कृषि समूह, सहकारी, कृषि निजी फार्मको हकमा नविकरणको दर्ता प्रमाण पत्र ।
३. कृषि सहकारी, जल उपभोक्ता समिति, कृषि समूह, सहकारी तथा अन्य संस्थाको हकमा निर्णय माग गरेको बैठक निर्णय माईनुटको छाँयाप्रति ।
४. नीजि उद्योग तथा कम्पनीको हकमा नागरिकताको छाँयाप्रति साथै कर चुक्ताको प्रमाण पत्र ।
५. वडा कार्यालय को सिफारिस पत्र ।
६. जन्गा भाडामा लिई मत्स्तपालन गर्ने कृषक को हकमा जग्गा धनिले दिइएको मनजुरि नामा का साथै जग्गा को कित्ता नम्बर सहित को लालपुर्जाको प्रतिलिपि ।

अनुसूची (२) क

## प्रस्ताव माग गर्ने प्रयोजनको लागि प्रस्ताव ढाँचा

१. पृष्ठभूमिः

मात्स्यपालन संचालन गरिने स्थल ओमसतिया गाउँपालिका वडा नं...........मा अवस्थित रहनेछ र यसको नाम..........................................................................................हुनेछ । यस आयोजनाले समेटेको भौगोलिक क्षेत्रफल............................................................................कठ्ठा हुनेछ । यस आयोजनाबाट प्रमुख रुपमा...........................................................जातका माछाहरुको व्यवसायिक पालन हुने अपेक्षा गरिएको छ ।

२. कार्यक्रमको उद्येश्यः

यस कार्यक्रमको उद्येश्यहरु देहाय बमोजिम रहनेछन्

क. माछाको वा माछाभुराको उत्पादन तथा उत्पादकत्व बृद्धि गर्ने ।

ख. बर्षैभरी व्यवस्थित तरिकाले माछापालन गरि माग पूरा गर्दै आयात समेत प्रतिस्थापन गरि निर्यात प्रबर्धन गर्ने ।

ग. माछापालनको सघनता बृद्धि गर्नु ।

घ. मत्स्य तथा मत्स्यजन्य व्यवसायमा आधारित रोजगारीका अवसरहरुको विकास तथा विस्तार गर्नु ।

ङ. अन्य भए......................................

३. अनुमानित लगानी रकमः

| क सं | कृयाकलापहरु | कृषकको लगानी | कार्यालयको लगानी | कैफियत |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |
| ६ | | | | |

४. अपेक्षित उपलब्धिः

| क सं | सूचकहरु | बर्तमान अवस्था | कार्यक्रम पश्चात | अपेक्षित वृद्धि प्रतिशतमा |
|---|---|---|---|---|
| १ | लाभान्वित घरधुरी | | | |
| २ | बाली सघनता | | | |
| ३ | बस्तु उत्पादन | | | |
| ४ | रोजगारी सृजना | | | |
| ५ | आम्दानी बृद्धि | | | |
| ६ | आत्मनिर्भरताको अवस्था | | | |
| ७ | निर्यात प्रवर्दन | राम्रो | एकदम राम्रो | |

निवेदकको नामथर र ठेगानाः

संस्थाको नामः

हस्ताक्षरः

फोन नंः.

अनुसुचि २ ख

मत्स्य बिकास कार्यक्रम कार्यान्वयन कार्यविधि,२०७६ सम्बन्धि कार्यक्रमका अनुदान सहयोग प्राप्त गर्नको लागि दिईने

आवेदन-पत्र

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यु,
ओमसतिया गाउँपालिकाको कार्यालय
हार्टिफर्सटिकर,रुपन्देही ।

विषयःकृषि अनुदान सहयोग कार्यक्रम उपलब्ध गराई दिने वारे।

महोदय,

मलाई उक्त अनुदान सहयोग प्राप्त गरी ............................कार्य गर्न तिब्र ईच्छा भएकोले निम्नानुसार कागजात राखी निवेदन गर्दछु। मैले अनुदान सहयोग प्राप्त गरेमा निर्धारित प्रकृया अनुसार सम्बन्धित गाउँपालिका भित्र रही कार्य गर्नेछु। पुनश्चः तपशिल अनुसार का कागजातहरु यसै निवेदन साथ संलग्न राखेको व्यहोरा समेत अनुरोध गर्दछु।

तपशिल

१ अनूसूची ३ अनुसारको संक्षिप्त कार्ययोजना
२ नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी
३ फर्म/समुह/समिति/सहकारी सम्बन्धित निकायमा दर्ता भएको प्रमाणको प्रतिलिपि वा व्यक्तिगत कृषक
४ अन्य प्रमाणित प्रमाण पत्रहरु(तालिम,शैक्षिक योग्यता) आदिका प्रतिलिपिहरु
५ बैदेशिक रोजगारि बाट फरकेका को हकमा पासफोर्टको प्रतिलिपि

निवेदक
नामः
दस्तखतः
ठेगानाः

## अनुसूचि ३

### मत्स्य विकास कार्यक्रम कार्यान्वयन कार्यविधि,२०७६ को अवधरणाको संक्षिप्त कार्य योजना

उद्यमीको नाम थरः

ठेगानाः.................गाउँ/टोलः.................वार्ड नं.........................

जिल्लाः..............................

संचालन गर्न खोजेको ...............सम्बन्धित व्यवसाय र स्थानः

सहयोग स्वरुप माग गरेको अनुदान रकम/लगानीः

आफनो लगानीः

आफनो पारिवारिक श्रमः

व्यवसायबाट उत्पादन हुने वस्तुः

उत्पादित कृषि बस्तुको परिमाणः

व्यवसायले वातावणमा नकारात्मक प्रभाव पार्छ/पार्दैन?

सम्पर्क नम्वरः

फर्म/समुह/सहमति/सहकारीको नामः

ठेगानाः गाउँ/टोल वाड नं. जिल्ला

व्यवशाय संचालन गरिने स्थानः

संचालन गरिने कार्य विवरणः

| क.स | संचालन गरिने क्रियाकलाप | अनुदान सहयोग | नीजि लगानि | जम्मा लगानि |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

व्यवसाय गरेको भए,विगत कति वर्ष देखी...........निरन्तर गरि रहेको? वर्ष.........महिना........व्यवसायको लागि

फर्मको व्यवस्थापन क)पारिवारीक ख) वाहिर वाट ग) दुवै

तर्फ बाट सहि गर्नेको

संस्थाको छापः(संस्थाको हकमा)

नामः

पदः

मितिः

दस्तखतः

अनुसूची (४)

दुई पक्षीय सम्झौता पत्र

ओमसतिया गाउँपालिका आ ब २०७६।७७ मा संचालन गरिने स्वीकृत नगर विकास योजना अन्तरगत मत्स्यपालन अनुदान कार्यक्रमको लागी ओमसतिया गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय, हार्टिफर्सटिकर रुपन्देही (यस पछि प्रथम पक्ष भनिने) र ................कृषक/कृषक समूह/सहकारी /उपभोक्ता समिति/टोल विकास समिति प्रतिनिधि (यस पछि दोस्रो पक्ष भनिने) बीच तपशीलको बुदाँहरुमा कार्यक्रम सफल रुपले संचालनार्थ यो सम्झौता गरिएको हो ।

तपशील

१. पहिलो पक्षले कार्यक्रम संचालनको लागि दोस्रो पक्षलाई प्राविधिक सहजिकरण गर्नुपर्नेछ ।

२. दोस्रो पक्षले निर्माण कार्य सुरु गरेदेखि समापन गरुन्जेल प्रथम पक्षसँग समन्वय तथा सहकार्य गर्नुपर्नेछ ।

३. दोस्रो पक्षले कार्य सुचारु गरि सामाग्री खरिद गरेपश्चात सामाग्रीको बील भरपाई पेश गरेमा बढीमा पचास प्रतिशतले हुन आउने रकम पेश्की स्वरुप माग गर्न सक्नेछ ।

४. कार्य सम्पन्न पश्चात अनुगमन तथा मूल्याङ्कन गरि कूल लागतको बढीमा ८० प्रतिशत रकम भुक्तानीको लागि दोस्रो पक्षले प्रथम पक्ष समक्ष आवश्यक बील भरपाई सहित निवेदन पेश गर्नुपर्नेछ । पूँजीगत अनुदान रकमको ५ प्रतिशत कन्टिन्जेनेसी वापत प्रचमपक्षले रकम कट्टी गरि भुक्तानी दिनेछ ।

५. प्रथम पक्षले दोस्रो पक्ष समक्ष निवेदन पेश भएपश्चात समयमानै भुक्तानी दिनुपर्नेछ । समयमा भुक्तानी हुन नसकेमा सो को कारण खुलाई दोस्रो पक्षलाई जानकारी दिनुपर्नेछ ।

६. प्रथम पक्षले दोस्रो पक्षको सिफारिसमा सकेसम्म सम्बन्धित आपूर्तीकर्ताको व्यवसायिक बैंक खातामा रकम जम्मा गर्नुपर्नेछ । यसरी आपूर्तीकर्ताको खातामा रकम जम्मा गर्दा कर विजकको १.५ प्रतिशत रकम अग्रिम आयकरको रुपमा कट्टी गरिनेछ ।

७. कम्तिमा चार वर्ष सम्मको नियमित रेखदेख, मर्मत-संहार तथा संरक्षण गर्ने जिम्मा दोस्रो पक्षको हुनेछ र प्रथम पक्षले नियमित रुपले अनुगमन कार्य गर्नेछ । यदि अनियमितता गरेको पाईएमा कानून बमोजिम कारवाही हुनेछ ।

८. अन्य कुराहरु प्रचलित कानून बमोजिम हुनेछ ।

| दोस्रो पक्ष | प्रथम पक्ष |
|---|---|
| नामथरः | नामथरः |
| ठेगानाः | पदः |
| फोन नंः | कार्यालयको नाम र छाँपः |

रोहवरः

नामः

पदः

कार्यालयको नामः

अनुसूची-५

मत्स्य विकास कार्यक्रम कार्यविधि,२०७६को प्रस्ताव मूल्यांकन फारम

| क.स | द.नं. | आवेदकको नाम | ठेगाना | मुल्याङ्कन(१०० पूर्णाङ्कमा गर्ने) | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | उद्यमीको व्यवसाय प्रतिको अनुभव/तालिम(३०) | पेश गरेको कार्ययोजना(४०) | उत्त स्थानमा व्यवसयको सम्भाव्यता उपयूत्ता(१५) | वास्तविक लक्षित वर्ग(१५) | कुल प्राप्ताङ्क(१००) |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

छनौट समितिका पदाधिकारीहरुको नाम,थर,पद,दस्तखत र मितिः

१.

२.

३.

## अनुसुचि ६

## पोखरी निर्माण अनुदान कार्यको लागत इष्टिमेट विवरण

१.कृषकको नाम,थरः
२.ठेगानाः
३.परियोजना स्थलको ठेगानाः
४.पानीको श्रोतः
५.माटोको किसिम

७. पोखरीको किसिमः
८.डिल सहितको क्षेत्रपलः
९.जलाशय क्षेत्रफलः
१०.पोखरी संख्याः

| क.सं. | लम्वाई मि. | चौडाई मि. | क्षेत्रफल वर्ग मि. | खन्ने गहिराई मि. | कुल माटोको परिमाण घ.मि. | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

अक्षरुपी रु...........................................................

तयार गर्ने

सदर गर्ने